कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. :०७६/०७७ (बा.त.वि.व्य.शा.)

च.नं. : 663

मिति : २०७७/०६/१८

श्री पिपल बोट राष्ट्रिय दैनिक

विषय :- सूचना प्रकाशन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तहाँबाट मिति २०७७/०६/१९ गते प्रकाशित पत्रिकामा यस नगर क्षेत्र भित्रको फोहोरमैला व्यवस्थापन एवं सार्वजनिक सडक अतिक्रमण सम्बन्धी यसै पत्र साथ संलग्न सूचनाहरु प्रकाशन गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

छविलाल नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

मिति : २०७७/०६/१८

## फोहोर मैला सम्बन्धमा अत्यन्त जरुरी सूचना

उपरोक्त सम्बन्धमा यस कोहलपुर नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/३/२५ निर्णय अनुसार कोहलपुर नगरपालिका र जटायु रिसाईक्लर्स प्रा.लि. को.न.पा.-९, बाँके सँग मिति २०७७/३/२६ गतेका दिन सम्झौता भई कोहलपुर नगरपालिकाको बजार क्षेत्र, महेन्द्र राजमार्ग र रत्न राजमार्गमा रहेको बजार तथा सम्पूर्ण नगर क्षेत्र भित्रको फोहोर संकलन, व्यवस्थापन सोको रिसाईकल गर्ने कार्य मिति २०७७/४/१ गतेका दिन देखि औपचारिक रुपमा उक्त संस्थाले गर्ने हुँदा अब उप्रान्त फोहोर संकलन तथा व्यवस्थापन कार्यका साथै नगर क्षेत्र भित्रका छाडा मृत पशु चौपायहरुको उचित व्यवस्थापनको कार्य समेत श्री जटायु रिसाईक्लर्स प्रा.लि.ले नै कार्यक्रम तालिका बमोजिम हुने कुरा सर्वसाधारणमा सूचित गरिन्छ ।

पुनश्चः फोहोर संकलन तथा नगर क्षेत्र भित्रको छाडा मृत पशु चौपायहरुको सम्बन्धमा कुनै गुनासो/जानकारी खण्डमा श्री सतिश के.सी. मोबाईल नम्बर ९८६४७२१७८३/ ९८४९१६५०३५ लाई सम्पर्क गर्न हुन अनुरोध छ ।

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**

प्रमुख प्रशासकीय अधिकृत

# कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. :०७७/०७८
च.नं. :

मिति : २०७७/०६/१८

सूचना । सूचना ॥ सूचना ॥।

कोहलपुर नगरपालिका क्षेत्रभित्र रहेको महेन्द्र राजमार्ग, रत्न राजमार्ग र चौराह लगायत सार्वजनिक सडक अतिक्रमण गरी ठेला, गाडा, फूटपाथ पसल, घुम्ती लगायतका साधनमा श्रोत मार्फत् विभिन्नि व्यापार व्यवसाय गर्ने साथै सवारी साधान एवं ई-रिक्साको अव्यवस्थित रुपमा पार्किङ्ग गर्ने गरिएको हुँदा त्यस्ता कार्य नगर्न नगराउन पटक पटक सूचना जारी गरिएको भएता पनि उक्त सूचना आदेशको अवज्ञा गरी पुन: त्यस्ता कार्य गर्न सुरु गरिएको देखिएकाले कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले त्यस्ता कार्य नगर्न नगराउन यो सूचना जारी गरिएको छ । अत: सूचनाको समेत अवज्ञा भएको पाइएमा स्थानीय प्रहरी प्रशासन सहितको नगर कार्यपालिकाको कार्यालयको अनुगमन टोलीले सूचना विपरित फुटपाथमा बेचविखन व्यवसाय गर्न राखिएका मालसमानहरु कानून बमोजिम जफत गरी लिलाम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ ।

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**

प्रमुख प्रशासकीय अधिकृत